आज मिति २०८१ साल पौष २६ गते शुक्रवारको दिन यस गाउँपालिकाका अध्यक्ष श्री भिम बहादुर भण्डारीको अध्यक्षतामा बसेको बराहताल गाउँपालिकाको सोहौं अधिवेशनको पहिलो बैठक संचालन गरि तपसिलको निर्णय गरियो ।

## उपस्थिती

| सिनं | नाम थर | ठेगाना | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री भिमबहादुर भण्डारी | वडा नं. ४ | गापा अध्यक्ष | |
| २ | श्री लक्ष्मी पुन मगर | वडा नं.५ | गाउँसभा सदस्य | |
| ३ | श्री बमबहादुर बडुवाल | वडा नं १ | गाउँसभा सदस्य | |
| ४ | श्री दिलमाया सम्सेली मगर | वडा नं १ | गाउँसभा सदस्य | |
| ५ | श्री हरिमाया कामी | वडा नं. १ | गाउँसभा सदस्य | |
| ६ | श्री लछिराम दर्लामी | वडा नं. १ | गाउँसभा सदस्य | |
| ७ | श्री रत्नबहादुर सुनार | वडा नं.१ | गाउँसभा सदस्य | |
| ८ | श्री भिमबहादुर साब्द | वडा नं.२ | गाउँसभा सदस्य | |
| ९ | श्री पशुपति गन्द्रमा | वडा नं. २ | गाउँसभा सदस्य | |
| १० | श्री ज्ञाना वादी | वडा नं. २ | गाउँसभा सदस्य | |
| ११ | श्री टोपबहादुर मन्दिर मगर | वडा नं. २ | गाउँसभा सदस्य | |
| १२ | श्री दिपकराज भण्डारी | वडा नं. २ | गाउँसभा सदस्य | |
| १३ | श्री शेरबहादुर पुन मगर | वडा नं.३ | गाउँसभा सदस्य | |
| १४ | श्री भुमि कुमारी कठायत | वडा नं. ३ | गाउँसभा सदस्य | |
| १५ | श्री अप्सरी सुनार | वडा नं. ३ | गाउँसभा सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १६ | श्री गोपि बिष्ट | वडा नं. ३ | गाउँसभा सदस्य | |
| १७ | श्री रामबहादुर भण्डारी | वडा नं. ३ | गाउँसभा सदस्य | |
| १८ | श्री वृषबहादुर सिजापती | वडा नं. ४ | गाउँसभा सदस्य | |
| १९ | श्री तुल्सी गुरुङ्ग | वडा नं. ४ | गाउँसभा सदस्य | |
| २० | श्री कल्पना वि क | वडा नं. ४ | गाउँसभा सदस्य | |
| २१ | श्री जगत बहादुर खड्का | वडा नं. ४ | गाउँसभा सदस्य | |
| २२ | श्री धिमराज जोल्मी मगर | वडा नं. ५ | गाउँसभा सदस्य | |
| २३ | श्री निलकुमारी खडका | वडा नं. ५ | गाउँसभा सदस्य | |
| २४ | श्री पार्वती कुमारी सार्की | वडा नं. ५ | गाउँसभा सदस्य | पार्वती |
| २५ | श्री चन्द्रबहादुर सिजापती | वडा नं.५ | गाउँसभा सदस्य | |
| २६ | श्री डम्मर बहादुर सुनार | वडा नं.५ | गाउँसभा सदस्य | |
| २७ | श्री नमराज शर्मा | वडा नं. ६ | गाउँसभा सदस्य | |
| २८ | श्री टीका देवी वि.सी. | वडा नं. ६ | गाउँसभा सदस्य | |
| २९ | श्री डिलमाया नेपाली | वडा नं. ६ | गाउँसभा सदस्य | |
| ३० | श्री रत्नबहादुर बुढा | वडा नं. ६ | गाउँसभा सदस्य | |
| ३१ | श्री उज्जल कामी | वडा नं. ६ | गाउँसभा सदस्य | |
| ३२ | श्री कुलबहादुर बुचा | वडा नं. ७ | गाउँसभा सदस्य | |
| ३३ | श्री सिता सिजापती | वडा नं. ७ | गाउँसभा सदस्य | |
| ३४ | श्री अमृता वि.क. | वडा नं. ७ | गाउँसभा सदस्य | |
| ३५ | श्री दलबहादुर लामिछाने | वडा नं. ७ | गाउँसभा सदस्य | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३६ | श्री टेकबहादुर कामी | वडा नं. ७ | गाउँसभा सदस्य | |
| ३७ | श्री केशर बहादुर कार्की | वडा नं. ८ | गाउँसभा सदस्य | |
| ३८ | श्री डिला कुमारी सारु | वडा नं. ८ | गाउँसभा सदस्य | |
| ३९ | श्री राजु नेपाली | वडा नं. ८ | गाउँसभा सदस्य | |
| ४० | श्री छविलाल शर्मा (जैसी) | वडा नं. ८ | गाउँसभा सदस्य | |
| ४१ | श्री प्रेमराज लिम्बु | वडा नं. ८ | गाउँसभा सदस्य | |
| ४२ | श्री युवराज पुलामी मगर | वडा नं.९ | गाउँसभा सदस्य | |
| ४३ | श्री गौमाया पुलामी | वडा नं.९ | गाउँसभा सदस्य | |
| ४४ | श्री सन्त देवी कामी | वडा न्नं.९ | गाउँसभा सदस्य | |
| ४५ | श्री पुर्ण बहादुर शाही | वडा नं.९ | गाउँसभा सदस्य | |
| ४६ | श्री पुर्ण बहादुर बुढाथोकी मगर | वडा नं.९ | गाउँसभा सदस्य | |
| ४७ | श्री हरिलाल सलामी | वडा नं. १० | गाउँसभा सदस्य | |
| ४८ | श्री नरुमा सलामी | वडा नं. १० | गाउँसभा सदस्य | |
| ४९ | श्री मतिसरा दमाई | वडा नं. १० | गाउँसभा सदस्य | |
| ५० | श्री याम बहादुर पुलामी | वडा नं. १० | गाउँसभा सदस्य | |
| ५१ | श्री दिपक बहादुर फौजा | वडा नं. १० | गाउँसभा सदस्य | |
| ५२ | श्री जगत बहादुर सुनार | वडा नं.१० | गाउँसभा सदस्य | |
| ५३ | श्री यज्ञ बहादुर वि.क. | वडा नं.७ | गाउँसभा सदस्य | |
| ५४ | श्री प्रेम बहादुर डि.सी. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

CamScanner

प्रमुखको वाचनपत्र

गाउँसभाका सदस्य ज्यूहरु, अब आजको बैठक प्रारम्भ हुन्छ । बराहताल गाउँपालिकाको सोह्रौं गाउँसभा आजबाट प्रारम्भ भएको जानकारी गराउँदछु बराहताल गाउँपालिकाका उपाध्यक्ष ज्यु, सभाका सचिव तथा प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभाका सदस्य ज्युहरु बराहताल गाउँपालिकाको गाउँसभाको सोह्रौं हिउदे सभामा हार्दिक स्वागत गर्दछु । बराहताल गाउँपालिकाको सम्मानित यस सभालाई सम्वोदन गर्न पाउँदा गौरबान्वित महसुस गरेको छु। यस अबसरमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ब्यबस्था र कर्णाली प्रदेश स्थापनार्थ ज्यान दिनुहुने सहिदहरुप्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रद्धाञ्जलि ब्यक्त गर्दछु यो सोह्रौं गाउँसभा हिउँदे सभा भएको र विशेषगरी यस अधिवेशनलाई विधेयक अधिवेशनको रुपमा लिने गरेको भएता पनि गाउँपालिकाले बनाउने विभिन्न कानुनहरु गत विगत गाउँसभाबाट पारित भै लागु भएका र केहि ऐनका मस्यौदाहरु छलफलकै क्रममा रहेकाले यस गाउँ सभामा गाउँ कार्यपालिकाको बैठक हुदै गाउँसभामा पेश भएका संसोधित बजेट, योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने छौं ।

सभाका सदस्य ज्यु हरु अव म आजको यस बैठकको कार्यसुची पेश गर्नु पुर्व गाउँसभा एक सम्मानित र मर्यादित स्थान भएकोले यसको मर्यादालाई कायम राख्न कर्णाली प्रदेशको गाउँ सभा र नगर सभा संचालनको लागि व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ५ बमोजिमका आचरणहरु सम्पुर्ण सदस्य ज्यु हरुले पालना गर्नुहुन अनुरोध गर्दै उक्त आचरणहरु बाचन गरेर सुनाउछु । सभाको बैठकमा सदस्य ज्यु हरुले देहायका आचरणहरु पालना गर्नु पर्नेछ ।

क. बैठक स्थगित भई अध्यक्ष सभावाट बाहिर निस्केपछि मात्र अरु सदस्यहरुले बैठक कक्ष छाड्नु पर्नेछ ।

ख. बैठकमा भाग लिने सदस्यले बोल्दा अध्यक्षलाई सम्बोदन गरेर मात्र बोल्नु पर्नेछ र अध्यक्षले अन्यथा आदेश दिएकोमा बाहेक उभियर बोल्नु पर्नेछ ।

ग. अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाड्न हुदैन र अध्यक्षले बोलेको कुरा गम्भितापूर्वक सुन्नु पर्नेछ

घ. अध्यक्षले आसन ग्रहन गरिरहेको र बोलिरहेको अबस्थामा सदस्यले अध्यक्षको आसनको अगाडिवाट हिड्न हुदैन ।

ङ. कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न, बैठकको मर्यादा भंग हुने वा अव्यबस्था उत्पन्न हुने कुनै काम गर्न हुदैन ।

च. बैठक कक्षमा अध्यक्षको सामुन्नेवाट वारपार गरी हिड्न वा अध्यक्षको आसनतर्फ पिठ्यु फर्काएर वस्न हुदैन ।

छ. बैठकको कार्यसंग प्रत्यक्ष रुपले सम्वन्धित विषय बाहेक अन्य बिषयको पुस्तक, समाचारपत्र वा अन्य कागजपत्रहरु पढ्नु हुदैन ।

ज. बैठकको अबधिभर बैठक कक्षमा मोवाईल फोन प्रयोग गर्न हुदैन ।

सभाका सदस्यज्यूहरु

अब म कार्यसूचिमा जानु भन्दा पहिले यस बराहताल गाउँपालिकाको कार्यालयले आ.व.२०८१।०८२ को श्रावण महिना देखि हाल सम्मको प्रगति प्रतिवेदन प्रस्तुत गरिदिन हुन गाउँपालिकाका उपाध्यक्ष तथा सभाका सदस्य श्री लक्ष्मी पुन मगर ज्यूलाई अनुरोध गर्दछु ।



CamScanner

दरवन्दि तेरिज स्वीकृतीको प्रस्ताव गाउँसभावाट सर्वसम्मतीले स्वीकृति भएको घोषणा गर्दछु साथै आधारभुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य ईकाईहरुको दरवन्दि तेरिज अनुसूचि ३ मा राखेको छु ।

कार्यसूचीको क्रमसंख्या ५

बराहताल गाउँपालिकामा रहेको हाल सम्मको वेरुजु रमक फछ्यौंटका लागि निर्देशन दिने सम्वन्धि प्रस्तावको प्रस्तुती

सभाका सदस्यज्यूहरु, अब म आजको बैठकको कार्यसूचीको पाँचौं नम्बरमा रहेको कार्यसूची अन्तर्गत बराहताल गाउँपालिकामा रहेको हाल सम्मको वेरुजु रमक फछ्यौंटका लागि लेखा समितिलाई निर्देशन दिने सम्वन्धि प्रस्ताव सभामा स्वीकृतिका लागि पेश गर्दछु ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यस प्रस्तावको विपक्षमा हुने सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्न भन्ने आवाज नसुनिएकोले बराहताल गाउँपालिकामा रहेको हाल सम्मको वेरुजु रमक फछ्यौंटका लागि लेखा समितिलाई निर्देशन दिने सम्वन्धि प्रस्ताव स्वीकृतीको प्रस्ताव गाउँसभावाट सर्वसम्मतीले स्वीकृति भएको घोषणा गर्दछु ।

यो गाउँसभा संचालनका लागि मार्गदर्शन गर्नुहुने गाउँसभाका सदस्य ज्यूहरु गाउँपालिका उपाध्यक्ष ज्यु,यस सभाका सचिव तथा प्रमुख प्रशासकीय अधिकृत ज्यू,गाँउकार्यपालिकाका सदस्य ज्युहरु, विषयगत समितिका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी तथा बौदिक व्याक्तीहरुको प्राप्त सुझाव,सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस सम्मानित सभाले गरेका निर्णयहरु कार्यान्वयन गर्न यहाँहरु सबैको अहम् भूमिका रहने छ भन्ने आशा राख्दै समृद्ध गाउँपालिका निर्माण गर्ने अभिभारामा सबै पक्षको अपनत्व र पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु। यहाँहरुको धैयता लगनसिलता र सक्रियताको उच्च प्रशंसा गर्दै यो हिउदेयामको जाडोमा सम्पूर्ण सदस्यहरु ज्यूहरुको स्वास्थ्यको ख्याल राख्न आग्रह गर्दछु साथै तपाईहरुको यात्रा सफलताको शुभकामना व्यक्त गर्दै बराहताल गाउँपालिकाको यस आ.व.को हिउदे वा सोहौं अधिवेसन यहि अन्त भएको घोषणा गर्दछु ।

धन्यवाद!

अनुसूचि १

संसोधित बजेट योजना तथा कार्यक्रमहरु



CamScanner